# सोरु गाउँपालिकाको स्थानीय रोजगार रणनिती २०८१

पृष्ठभुमिः

सोरु गाउँपालिका मुगु जिल्लाको दक्षिण भेगमा पर्ने स्थानीय तह हो ।राष्ट्रिय जनगणना २०७८ अनुसार सोरु गाउँपालिकाको जनसंख्या १४२७७ रहेको छाजस मध्ये पुरुषको संख्या७०२१ र महिला को संख्या ७२४८ रहेको देखिन्छ।११ वडामा विभाजन भएको सोरु गाउँपालिका साविक ७ वटा गाविसहरु समाहित भएर स्थापना भएको गाउँपालिका हो।निर्वाहमुखी कृषिमा आधारित ग्रामीण वस्ति रहेको सोरु गाउँपालिका मुख्य रोजगारको श्रोत भारत हो ।पछिल्लो समय भारत वाहेक अरब मुलुकमा समेत रोजगारीको सिलसिलामा जाने गरेको पाईन्छ।परम्परागत शैलीको कृषि प्रणाली र पशुपालनामा निर्भर रहेको संख्या विस्तारै घट्दो क्रममा रहेको छ।शैक्षिक वेरोजगारहरुको संख्या दिनानुदिन वढ्दो क्रममा रहेको छा।व्यवसायिक तथा उधमशिल जनशक्ति क्रमशःथपिने क्रममा रहेको छ।वैदेशिक अनुभव र सीपलाई स्थानीयकरण गर्नु आवस्यक छ।

## रोजगारी सम्वन्धि कानुनी व्यवस्थाः

नेपालको संविधान २०७२ को धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रम सम्वन्धि हकलाई मौलिक हकको रुपमा समेटिएको छारोजगारीको हकमा प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक र रोजगारीको छनौट गर्न पाउने हक हुने व्यवस्था गरिएको छासंविधानको धारा ५१ को खण्ड झ मा श्रम र रोजगार सम्वन्धि नीति समावेश गरिएको छाजसमा सवैले काम पाउने अवस्था सुनिश्चत गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यवसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिबृद्धि गर्ने श्रमिकको आधारभुत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभुति गर्ने बालश्रम लगाएत श्रम शोषणको सवै रुपको अन्त्य गर्ने व्यवस्था रहेको देखिन्छारोजगारी हक सम्वन्धि ऐन २०७५ मा बेरोजगार व्यकिलाई न्युनतम १०० दिनको रोजगारीको व्यवस्था गरिएको छ। १५ औ योजनाले सवै नागरिकलाई मर्यादित र उत्पादनशिल रोजगारीका अवसरको उपलब्धता गराउने सोचको साथै उत्पादनशिल क्षेत्रमा रोजगारी अभिबृद्धि गरी वेरोजगारी दर श्रमको न्युन उपयोगमा उल्लेख्य कमी ल्याउने लक्ष्य राखेको छ।

## अध्ययन पद्धतिः

रोजगार रणनिति तर्जुमा गर्दा निम्न प्रकृया अपनाईएको छ।

१ वस्तिस्तरमा आधारभुत सर्वेक्षण

२ योजना तर्जुमा गोष्ठी सन्चालन

३ प्रारम्भिक तथ्याक विश्लेषण

४ योजनाको मस्यौदा तयारी

५ प्रतिवेदनमा छलफल

६ अन्तिम प्रतिवेदन तयारी

रोजगार रणनीति योजनाका मुख्य सिद्धान्त तथा अवधारणाहरु

१ गरीवीको रेखामुनी रहेकाहरुलाई लक्षित गरिएको।

२ रोजगारी सृजना

३ स्थानीय श्रोतको उपयोग

४ संभाव्य वजार र मागको आधारमा निर्देशित अवधारण

५ गरीवी उन्मुख

६ बेरोजगारी न्युनिकरण तथा रोजगारीको दीगोपना

रोजगारीको वर्तमान अवस्थाः

नेपाल श्रम शक्ति सर्वेक्षण २०७४ अनुसार नेपालको वेरोजगारी दर ११.४ प्रतिशत रहेको छ भने पुरुषको र महिलाको बेरोजगारी दर क्रमशः१०.३ र १३.१ प्रतिशत रहेको छायसै गरी शहरमा ११.६ प्रतिशत र ग्रामीण क्षेत्रमा १०.९ प्रतिशत बेरोजगारी रहेको छानेपालको श्रमशक्ति सहभागिता दर ३.५ प्रतिशत रहेको छ। यो दर शहरमा ४१.७ प्रतिशत र ग्रामिण क्षेत्रमा ३२ .९प्रतिशत रहेको छारोजगारमा रहेको जनसंख्यालाई प्रदेश अनुसार हेर्दा सवैभन्दा वढी ४३.८ प्रतिशत बागमती प्रदेशमा र सवैभन्दा कम २४.१ प्रतिशत सुदुरपश्चिम प्रदेशमा रहेको छ। बेरोजगारी दरलाई प्रदेशगत रुपमा हेर्दा सवैभन्दा वढी मधेश प्रदेशमा २०.१ प्रतिशत र सवैभन्दा कम वागमती प्रदेशमा ७ प्रतिशत रहेको छ।

सोरु गाउँपालिकामा बैदेशिक रोजगारीको लागि विदेश गएका व्यक्तिहरुको संख्या

| वडा नं | भारत गएका व्यक्तिहरु | | तेश्रो मुलुकमा रोजगारीको लागि गएका व्यक्तिहरु | |
|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला |
| १ | ३० | १० | १० | १ |
| २ | १० | ३ | ९ | १ |
| ३ | ४५ | १५ | ५ | १ |
| ४ | ९ | ४ | ७ | ० |
| ५ | १० | २ | ७ | १ |
| ६ | ९६ | ३५ | ४१ | ३ |
| ७ | ३० | १० | २७ | ३ |
| ८ | ७ | ६ | १६ | ० |
| ९ | २५ | ४ | १० | १ |
| १० | ५४ | ८ | १६ | २ |
| ११ | १६ | ० | ४ | ० |
| जम्मा संख्या | ३३२ | ९७ | १५२ | १३ |

<u>सोरु गाउँपालिका क्षेत्रमा रोजगारीका समस्या र चुनौतीहरु</u>

१ घरेलु तथा साना उधोगधन्दाको कमी हुनु

२ सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न नसक्नु

३ काम प्रति सम्मानमा कमी हुनु

४ स्थानीय रोजगारदाताहरुको पहिचान र सुचिकरण नहुनु

५ श्रम तथा रोजगार सम्वन्धि स्थानीय नीति नियमको अभाव हुनु

६ रोजगार सेवा केन्द्र प्रभावकारी नहुनु

७ उधमशिलता र स्वरोजगारलाई प्रवर्द्धन गर्न नसक्नु

८ वैदेशिक रोजगारीवाट प्राप्त ज्ञान र सीपलाई परिचालन गर्न नसक्नु

९ संगठित व्यवसाय सन्चालन नहुनु ।व्यवसायको निरन्तरता समेत नहुनु।

१० कृषिलाई जीवन निर्वाहमुखी मात्र वनाउनु ।

## रोजगारीका अवसरहरु

१ रोजगार सेवा केन्द्रको स्थापना हुनु

२ श्रम तथा रोजगारी सम्वन्धि सेवाहरु स्थानीय तह सम्म विस्तार हुदै जानु

३ प्रधानमन्त्री तथा मुख्यमन्त्रि रोजगार कार्यक्रम सन्चालन हुनु

४ न्युनतम पारिश्रमिकको कानुनी व्यवस्था हुनु

५ युवाहरुमा उधमशिल सोचको विकास हुदै जानु

६ आर्थिक गतिविधिमा वढोतरी

७ लगानी मैत्री वातावरणको अवस्था तयार हुदै जानु

८ गैर सरकारी क्षेत्र तथा अन्य संघ संस्थावाट योजना तथा कार्यक्रम सन्चालन हुनु ।

९ सडक पुर्वाधार विकासले गर्दा नविन व्यवसायको संभावना वढेको ।

१० सुचना तथा प्रविधिको विकासले गर्दा व्यवसाय विस्तारको संभावना रहेको

रणनितिक योजनाको आवस्यताकता

## यस रोजगार रणनितिक योजनाको आवस्यकता निम्न अनुसार रहेको छ।

१ आन्तरिक रोजगारीका सम्भावित अवसरहरुको पहिचान सृजना तथा प्रवर्द्धनका लागि संघ प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्य गर्न

२ रोजगारीको क्षेत्रमा रहेका समस्याहरुको समाधान गरी रोजगारी सृजनाका नविनतम उपाय एवं विधिहरुको विकास गर्न

३ श्रम बजारको माग एवं उपलव्ध अवसर अनुसार दक्ष व्यवसायिक सिपमुक्त र प्रतिस्पर्धि श्रमशक्ति तयार गर्न

४ रोजगार सेवा केन्द्रलाई सक्षम र जवाफदेही बनाई न्युनतम रोजगारीको प्रत्याभुति गर्न

५ श्रम तथा रोजगारीको हकलाई कार्यान्वयन गर्न

६ श्रम प्रति सम्मान गर्ने संस्कृतिको विकास गर्न

Scanned with CamScanner

७ श्रम बजारमा विपन्न वर्गको सहज पहुँच स्थापना गर्न

## रोजगारीका क्षेत्रहरु

यस गाउँपालिका भित्र रोजगारीका मुख्य क्षेत्रहरु देहाय अनुसार रहेका छन।

१ कृषि तथा पशुपालन  क्षेत्र

२ निर्माण क्षेत्र

३ उधमशिलता

४ सुचना प्रविधि

५ सेवा क्षेत्र व्यापार व्यवसाय

६ वैदेशिक रोजगारी

७ वितिय क्षेत्र (सहकारी ,वैक)

गाउँपालिकाको दीर्घकालिन सोचः "रैथाने बाली, पर्यटन र पूर्वाधारः सुशासन र समृद्धि सोरुबासीको आधार"

**लक्ष्य**

नवप्रवर्तन र दिगो विकासद्वारा नागरिकको जीवनस्तरमा गुणात्मक सुधार गर्दै आत्मनिर्भर सोरुको निर्माण गर्ने ।

## उदेश्यहरु

१ .उत्पादनशिल र मर्यादित रोजगारीका अवसरहरुमा बृद्धि गर्नु

२. न्युतम रोजगारीको प्रत्याभुति गर्नु

३.दक्ष सीपयुक्त क्षमतावान र प्रतिस्पर्धि जनशक्ति तयार गर्नु

४. सवै प्रकारका श्रम शोषणको अन्त्य गर्नु

५. वैदेशिक रोजगारीलाई सुरक्षित व्यवस्थित  मर्यादित र शोषण रहित बनाउनु

६. आप्रवासीहरुको सामाजिक एवं आर्थिक रुपमा पुन एकिकरण गर्नु

७. रोजगारमैत्री लगानी प्रोत्साहन गर्नु

## गाउँपालिकाका प्राथमिकताहरु

१. आन्तरिक दीगो तथा उत्पादनशिल रोजगारीमा जोड

२. सीपमुलक तालिममा जोड

३. कृषि वन पैदावरमा रोजगारी सृजना।

४. जडीवुटी उधोग पर्यटन उधमशिलतामा जोड

५. विकासका पुर्वाधार

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

६. बैदेशिक रोजगारवाट फर्किएका युवाहरुलाई उत्पादनका क्षेत्रमा संलग्न

७. बैदेशिक रोजगारीमा जान चाहने युवालाई परामर्श अभिमुखीकरण गर्नु पर्ने ।

## रणनीतिहरु

१ .आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवं रोजगार सम्वद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गर्न

२. श्रम बजारको माग अनुसारको दक्ष सिपयुक्त क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने

३ .रोजगार सेवा केन्द्रलाई सक्षम र सवल वनाउने ।

४. रोजगारीका अवसरहरुमा श्रमशक्तिहरुको पहुँच तथा क्षमता अभिवृद्धि गर्न

५. नविन सोच सिप र प्रविधिको प्रयोग गरी उधमशिलताको विकास र प्रवर्द्धन गर्दै स्वरोजगार बनाउने

६ .श्रम तथा रोजगार सम्वन्धि आवश्यक तथ्याँक संकलन प्रसोधन प्रकाशन र प्रसारण गर्ने

## कार्यनिति

(१) आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवं रोजगार सम्वद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गर्न

(१) आन्तरिक रोजगारीका संभावित अवसरहरुको पहिचान एवं रोजगार सम्वद्ध सेवा तथा सरोकारवालाहरुको नक्सांकन गरिनेछ।

२विकास खर्चलाई रोजगारी सृजनासंग जोडिने छ।

३स्थानीय श्रोत  र साधनको प्रयोग हुने क्षेत्रमा रोजगारी सृजनाको  गरिने छ।

४कृषि तथा पशुपालन क्षेत्रमा संलग्न जनशक्तिलाई व्यवसायिक वनाउने

(२) श्रम बजारको माग अनुसारको दक्ष सिपयुक्त क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने

२.१ विधालय तह देखि नै  सीपयुक्त क्षमतावान जनशक्ति उत्पादन गर्नको लागि हाल सन्चालन रहेका व्यवसायिक धारका विधालयलाई प्रभावकारी वनाउने

२. निर्माण क्षेत्रमा दीगो रोजगारीका अवसरहरु सृजना गर्न विभिन्न किसिमका सीपमुलक तालिम जस्तै ब्रिक मेसन प्लम्वर ईलेक्टिसियन पेन्टिग लगाएका अन्य तालिम सन्वालन गरी निर्माण क्षेत्रसंग सम्वन्धित दक्ष जनशक्ति उत्पादन गरी स्थानीय श्रम बजारमा आपुर्ति गरिने छ।

३.होटल व्यवसाय होम स्टे अतिथि सत्कार जस्ता विषयसंग सम्वन्धित सीप विकासका कार्यक्रम सन्चालन गर्न अन्य सरकारी निकाय गैर सरकारी संघ संस्था तथा निजी क्षेत्र संग समन्वय र सहकार्य गरी रोजगारी सृजना गरिने छ।

४गरिवी न्युनिकरणमा सहयोग पुग्ने गरी विभिन्न निकाय एवं क्षेत्रवाट सन्चालित प्राविधिक तथा व्यवसायिक रोजगारमुलक एवं सीपमुलक तालिमहरुमा सहकार्य गरिने छ।

३ रोजगार सेवा केन्द्रलाई सक्षम र सवल वनाउने ।

१. रोजगार सम्वद्ध विभिन्न योजना कार्ययोजना र कार्यनीतिहरु तर्जुमा गरिने छ।

२. रोजगारीको खोजिमा रहेका बेरोजगार व्यक्तिहरुलाई रोजगार सेवा केन्द्रवाट एकिकृत श्रम तथा रोजगारमुलक सेवा उपलब्ध गराउने ।

३.रोजगारीका अवसरहरुको सुचना एवं जानकारी गाउँपालिकाको वेभसाईट वा फेसवुक पेज मार्फत सम्प्रेषण गरिने छ।

४ अनुभवी दक्ष सीपयुक्त जनशक्तिको प्रो फाईल तर्जुमा गरी प्रकाशन गरिने छ।
५ संभाव्य रोजगारका क्षेत्रहरु पहिचान गर्ने।
६ गाउँपालिका क्षेत्रभित्र सन्चालन भएका रोजगारमुलक तालिमहरुको विवरण अधावधिक गरिने छ।
७ रोजागार दाता निजी क्षेत्र गैरसरकारी क्षेत्र वा अन्य क्षेत्रको विवरण राखिने छ।
८ रोजगार मेलाको आयोजना गर्ने
९ रोजगारमा संलग्न जनशक्तिलाई वितिय साक्षरताको कक्षा सन्चालन गर्ने ।

## ४रोजगारीका अवसरहरुमा श्रमशक्तिहरुको पहुँच तथा क्षमता अभिवृद्धि गर्ने

**१. दलित महिला एकल महिला अपाङ्लाई लक्षित गरी रोजगारमुलक कार्यक्रम सन्चालन गरिने छ।**
**२. रोजगारको क्षेत्रमा देखा पर्ने लैगिक भौगोलिक तथा जातिगत अन्य सवै प्रकारका भेदभागको निराकरण गरिने छ।**
**३. बालश्रम वाध्यकारी श्रम लगाएतका सवै प्रकारका श्रम शोषणलाई अन्त्य गर्ने आवस्यक जनचेतनामुलक कार्यक्रम सन्चालन गर्ने**
**४. स्थानीय स्तरमा श्रम विवाद समाधान गर्ने एवं असल श्रम सम्वन्ध विकास गर्ने सरोकारवालाहरु संग नियमित संवाद गर्ने स्थानीय रोजगार सम्वाद मन्चलाई सक्षम वनाउने**

## ५ नविन सोच सिप र प्रविधिको प्रयोग गरी उधमशिलताको विकास र प्रवर्द्धन गर्दै स्वरोजगार बनाउने

१. श्रम प्रति सम्मान गर्ने संस्कृतिको विकास गर्दै युवा श्रमशक्तिहरुलाई सिर्जनशिल व्यवसायिक र उधमशिल क्षमताको विकास गरिने छ।

२. नयाँ नयाँ उधम व्यवसायको पहिचान र विकास गरी रोजगारी सृजना गरिनेछ।

## ६ श्रम तथा रोजगार सम्वन्धि आवश्यक तथ्याँक संकलन प्रसोधन प्रकाशन र प्रसारण गर्ने

१. बालश्रममुक्त स्थानीय तह घोषणा गर्न आवस्यक तथ्याँक संकलन गरिने छ।

२. श्रम तथा रोजगार प्रोफाईल तयार गरिने छ।

३.स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्याँक संकलन तथा विश्लेषण गरि बेरोजगारको सुचि अधावधिक गरिने छ।

४.घरधुरीहरुको सर्वेक्षण गरी गरिब घरपरिवारको पहिचान गर्दै परिचयपत्र वितरण गरिने छ।

५.परम्परागत सीपलाई आधुनिकीकरण गर्ने जस्तै निगालो वाट डोको डालो डस्टविन निर्माण

## रणनैतिक कार्ययोजना

रणनितिः१ आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्ने रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवं रोजगार सम्वद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गर्ने

Scanned with CamScanner

कार्यनितिः१ आन्तरिक रोजगारीका संभावित अवसरहरुको पहिचान एवं रोजगार सम्वद्ध सेवा तथा सरोकारवालाहरुको नक्सांकन गरिनेछ।

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | तथ्याङ्क संकलन तथा विश्लेषण | रोजगार सेवा केन्द्र | ४ महिना | वडावाट तथ्याङ्क प्राप्त भएको | दक्षता र अनुभव कमी | |
| २ | रोजगार क्षेत्रको नक्शाकंन | रोजगार सेवा केन्द्र | ३ महिना | नक्शा प्रकाशन | दक्षता अभाव | |

कार्यनिति २ विकास खर्चलाई रोजगारी सृजनासंग जोडिने छ।

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्रममुलक योजना छनौट गर्ने | योजना तथा अनुगमन शाखा | ६ महिना | गाउँसभा वा कार्यपालिकावाट योजना स्वीकृत | राजनैतिक दवाव | |
| २ | हरेक कामदारको बैक खाता | रोजगार शाखा | ६ महिना | बैक स्टेटमेन्ट | बैकिङ् खाता सन्चालनमा अज्ञानता | |

कार्यनिति ३ स्थानीय श्रोत र साधनको प्रयोग हुने क्षेत्रमा रोजगारी सृजनाको गरिने छ।

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सडक निर्माण योजना सन्चालन गर्ने | योजना शाखा | १ वर्ष | वैठक तथा सभाको निर्णयपुस्तिका | निश्चित प्रतिनिधत्व नहुने | |
| २ | स्थानीय रैथाने फलफुल आरु खामु चुली डटेलो विस्तार | रोजगार शाखा | १ वर्ष | वैठकको निर्णय पुस्तिका | बजारीकरणको समस्या | |

कार्यनितिः४ कृषि तथा पशुपालन क्षेत्रमा संलग्न जनशक्तिलाई व्यवसायिक वनाउने

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | कोसेली घर हरेक वडामा स्थापना गर्ने | रोजगार शाखा | १ वर्ष | कोसेली स्थापना भएको हुने | वितिय अभाव | |
| २ | पशु हाट वजार सन्चालन गर्ने | पशु शाखा | १ वर्ष | सोरुकोटमा पशु हाट वजार सन्चालन भएको हुने | पुर्वाधार | |

रणनिति २ श्रम बजारको माग अनुसारको दक्ष सिपयुक्त क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने

कार्यनिति १ विधालय तह देखि नै सीपयुक्त क्षमतावान जनशक्ति उत्पादन गर्नको लागि हाल सन्चालन रहेका व्यवसायिक धारका विधालयलाई प्रभावकारी वनाउने

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सुविधायुक्त निर्माणप्रयोगशाला स्थापना | योजना शाखा | १ वर्ष | विधालयमा प्रयोगशाला स्थापना भएको | वितिय अभाव | |
| २ | गाउँपालिकामा ojT सन्चालन | योजना शाखा | ५ महिना | विधार्थीको हाजिरी र मुल्याकन | | |

कार्यनिति २ निर्माण क्षेत्रमा दीगो रोजगारीका अवसरहरु सृजना गर्न विभिन्न किसिमका सीपमुलक तालिम जस्तै ब्रिक मेसन प्लम्वर ईलेक्टिसियन पेन्टिग लगाएका अन्य तालिम सन्चालन गरी निर्माण क्षेत्रसंग सम्वन्धित दक्ष जनशक्ति उत्पादन गरी स्थानीय श्रम बजारमा आपुर्ति गरिने छ।

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | तालिम क्यालेन्डर निर्माण | रोजगार शाखा | १ महिना | तालिम सन्चालन | | |
| २ | गाउँपालिकामा क्षमता विकास शाखाको स्थापना | गाउँ कार्यपालिका | ५ महिना | शाखा स्थापनाको निर्णय | | |

कार्यनितिः ३ होटल व्यवसाय होम स्टे अतिथि सत्कार जस्ता विषयसंग सम्वन्धित सीप विकासका कार्यक्रम सन्चालन गर्न अन्य सरकारी निकाय गैर सरकारी संघ संस्था तथा निजी क्षेत्र संग समन्वय र सहकार्य गरी रोजगारी सृजना गरिने छ।

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | होटल होमस्टे हरुको प्रोफाईल तयारी गर्ने | रोजगार शाखा | १ महिना | प्रोफायल प्रकाशन | | |
| २ | कुक तालिम सन्चालन गरिने | रोजगार शाखा | १ वर्ष | तालिम सन्चालन भएको हुने | श्रोतको अभाव | |

कार्यनिति ४ गरिवी न्युनिकरणमा सहयोग पुग्ने गरी विभिन्न निकाय एवं क्षेत्रवाट सन्चालित प्राविधिक तथा व्यवसायिक रोजगारमुलक एवं सीपमुलक तालिमहरुमा सहकार्य गरिने छ।

Scanned with CamScanner

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रोजगार फोकल पर्सन तोक्ने | रोजगार शाखा | १ महिना | फोकल पर्सन तोकेको निर्णय | | |
| २ | तालिमको सुचि तयारी | रोजगार शाखा | ४ महिना | सुचिको प्रकाशन | | |

रणनितिः५ रोजगार सेवा केन्द्रलाई सक्षम र सवल वनाउने।

कार्यनितिः१ रोजगार सम्वद्ध विभिन्न योजना ,कार्ययोजना र कार्यनीतिहरु तर्जुमा गरिने छ।

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कार्ययोजनाको जानकारी | रोजगार | १ महिना | प्रकाशन तथा निर्णय | | |
| २ | कार्यनिति कार्यान्वयनको अनुगमन | रोजगार शाखा | १ महिना | माईन्युट | | |

कार्यनितिः२ रोजगारीको खोजिमा रहेका बेरोजगार व्यक्तिहरुलाई रोजगार सेवा केन्द्रवाट एकिकृत श्रम तथा रोजगारमुलक सेवा उपलव्ध गराउने।

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |

कार्यनितिः ३रोजगारीका अवसरहरुको सुचना एवं जानकारी गाउँपालिकाको वेभसाईट वा फेसवुक पेज मार्फत सम्प्रेषण गरिने छ।

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|

कार्यनितिः४अनुभवी दक्ष सीपयुक्त जनशक्तिको प्रो फाईल तर्जुमा गरी प्रकाशन गरिने छ।

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|

कार्यनितिः५संभाव्य रोजगारका क्षेत्रहरु पहिचान गर्ने।

Scanned with CamScanner

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|

कार्यनितिः६ गाउँपालिका क्षेत्रभित्र सन्चालन भएका रोजगारमुलक तालिमहरुको विवरण अधावधिक गरिने छ।

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|

कार्यनिति ७ रोजगार मेलाको आयोजना गर्ने

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |

कार्यनितिः८ रोजगारमा संलग्न जनशक्तिलाई वितिय साक्षरताको कक्षा सन्चालन गर्ने ।

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खाता सन्चालन खाता नविकरण वारेमा शिक्षा दिने | रोजगार शाखा | ६ महिना | साक्षात्कार कार्यक्रम सन्चालन | झन्झट हुने | |
| २ | हरेक रोजगारीवालाको बैक खाता सन्चालन भएको हुने | रोजगार शाखा | ६ महिना | बैक खाता सन्चालन मएको चेक | | |

## रणनिति ४ रोजगारीका अवसरहरुमा श्रमशक्तिहरुको पहुँच तथा क्षमता अभिवृद्धि गर्न

**कार्यनिति १. दलित महिला एकल महिला अपाङ्लाई लक्षित गरी रोजगारमुलक कार्यक्रम सन्चालन गरिने छ।**

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | क्षमता विकास कार्यक्रम सन्चालन | रोजगार शाखा | १ वर्ष | कार्यक्रम स्वीकृत भएको निर्णय | श्रोतको अभाव | |
| २ | आय आर्जनका कार्यक्रम सन्चालन | कृषि तथा पशु विकास शाखा | ६ महिना | कार्यक्रम स्वीकृत भएको निर्णय | श्रोतको अभाव | |

Scanned with CamScanner

**रणनिति ५ नविन सोच सिप र प्रविधिको प्रयोग गरी उधमशिलताको विकास र प्रवर्द्धन गर्दै स्वरोजगार बनाउने**

**कार्यनिति १ श्रम प्रति सम्मान गर्ने संस्कृतिको विकास गर्दै युवा श्रमशक्तिहरुलाई सिर्जनशिल व्यवसायिक र उधमशिल क्षमताको विकास गरिने छ।**

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | व्यवसायिक तथा उधमशिल योजनाको निर्माण | उधम विकास शाखा | १ वर्ष | कार्यक्रम स्विकृत | श्रोत अभाव | |
| २ | व्यवसायिक तथा उधमशिल क्षेत्र संग समन्वय र सहकार्य गर्ने | उधम विकास शाखा | १ वर्ष | समझदारी तथा सम्झौता पत्र | | |

**कार्यनिति २ नयाँ उधम व्यवसायको पहिचान र विकास गरी रोजगारी सृजना गरिनेछ।**

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नविन व्यवसाय र उधमको संभाव्यता अध्ययन गर्ने | उधम विकास शाखा | १ वर्ष | संभाव्यता अध्ययन प्रतिवेदन | श्रोत अभाव | |
| २ | व्यवसाय तथा उधममा लगानी भित्याउने | उधम विकास शाखा | १ वर्ष | साझेदार संस्थासंगको समझदारी | समन्वय अभाव | |

**रणनिति ६ श्रम तथा रोजगार सम्वन्धि आवश्यक तथ्याँक संकलन प्रसोधन प्रकाशन र प्रसारण गर्ने**

**कार्यनिति १ बालश्रममुक्त स्थानीय तह घोषणा गर्न आवस्यक तथ्याँक संकलन गरिने छ।**

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | तथ्याँक संकलक नियुक्ति | रोजगार शाखा | १ वर्ष | कार्यक्रम स्वीकृत | छनोटमा झन्झट | |
| २ | बालश्रममुक्त स्थानीय तह घोषणाको मिति तय | रोजगार शाखा | १ वर्ष | कार्यक्रम तर्जुमा को सुचि | | |

**कार्यनिति २ श्रम तथा रोजगार प्रोफाईल तयार गरिने छ।**

Scanned with CamScanner

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्रम तथा रोजगार प्रोफाइल प्रकाशन | रोजगार शाखा | १ वर्ष | पुस्तक प्रकाशन | | |
| २ | श्रम तथा रोजगार प्रोफाईल अधावधिक गर्ने | रोजगार शाखा | १ वर्ष | पुस्तक प्रकाशन | | |

कार्यनिति ३ स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्याँक संकलन तथा विश्लेषण गरि बेरोजगारको सुचि अधावधिक गरिने छ।

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बेरोजगार तथ्याक संकलन हरेक वडा र वस्तिमा | रोजगार शाखा | १ वर्ष | तथ्याकं संकलन फाराम र पुस्तक प्रकाशन | बेरोजगारको पहिचानमा असहजता | |
| २ | बेरोजगार व्यक्ति पहिचान | रोजगार शाखा | १ वर्ष | वैठकको निर्णय | | |

कार्यनिति ४ घरधुरीहरुको सर्वेक्षण गरी गरिब घरपरिवारको पहिचान गर्दै परिचयपत्र वितरण गरिने छ।

| क्र सं | क्रियाकलाप वा कार्यक्र | जिम्मेवार निकाय वा शाखा | समयावधि | कार्यसम्पादन सुचक | जोखिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | परिचयत्र छपाई | रोजगार शाखा | १ वर्ष | गरिब परिचयत्रप छपाईको | | |
| २ | हरेक वस्तिमा परिचयपत्र वितरण | रोजगार शाखा | १ वर्ष | विरतणको निर्णय | | |

प्रमुख प्रशासकिय अधिकृत

रोजगार रणनीति कार्यान्वय समिति

रोजगारका संभावित अवसरहरुको पहिचान गर्न रोजगार सम्वद्ध सेवा एवं सरोकारवालाहरुको नक्साकन गर्न रोजगारीको हक कार्यान्वयन गर्न देहाय बमोजिमको रणनीति कार्यान्वयन समिति रहने छ।

| | |
|---|---|
| १ गाउँपालिका अध्यक्ष | संयोजक |
| २ प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३ आर्थिक विकास समितिको संयोजक | सदस्य |
| ४ सामाजिक विकास समितिको संयोजक | सदस्य |
| ५ पुर्वाधार विकास शाखाको प्रमुख | सदस्य |
| ६ योजना शाखा प्रमुख | सदस्य |
| ७ रोजगार संयोजक | सदस्य सचिव |

२ स्थानीय रोजगार रणनीति कार्यान्वयन समितिको सचिवालयको रुपमा रोजगार सेवा केन्द्र रहने छ।

रणनिति कार्यान्वयन निर्देशक समितिको काम कर्तव्य र अधिकारः

१ रणनितिक उद्धेश्य हासिल गर्न तयार गरेको कार्ययोजना अनुरुप आवश्यक वजेट विनियोजनका लागि गाउँ सभालाई सिफारिस गर्ने

२ स्थानिय तहभित्रको रोजगारीका अवसर तथा सम्भावनाहरुको पहिचान गर्ने र कार्यान्वयन गर्ने।

३ श्रम बजारवाट माग बमोजिमको रोजगारमुलक तथा सीपमुलक तालिम सन्चालन गर्न आवश्यक समन्वय र सहकार्य गर्ने

३ सरकारी तथा गैरसरकारी क्षेत्र संग रोजगारी सृजना सम्वन्धि आवश्यक सहकार्य समन्वय गर्ने।
४ रणनीति कार्यान्वयन गर्न आवश्यक श्रोत साधनको व्यवस्थापन गर्ने।
५ वढी भन्दा वढी रोजगार दिने रोजगारदाताहरुलाई सम्मान गर्ने

७ रणनीति कार्यान्वयनमा देखिएका समस्याहरुको समाधान गर्न वा आवस्यक अन्य विषयमा स्थानीय रोजगार सम्वाद मन्चको सल्लाह सुझाव लिने।

८ रणनीतिको सफल कार्यान्वयनका लागि रोजगार सम्वद्ध सरोकारवालाहरु संग छलफल एवं अन्तरक्रिया गरी आवस्यकता अनुसार कार्ययोजना निर्माण गर्ने

**श्रोत व्यवस्थापनः**
**सरकारी क्षेत्र निजी क्षेत्र सहकारी राष्ट्रिय, अन्तराष्ट्रिय गैर सरकारी संघ ,संस्था एवं अन्य विकास साझेदारहरुको आर्थिक एवं प्राविधिक श्रोत साधन परिचालन गर्नु को साथै समन्वय र सहकार्य समेत गर्ने सकिने छ।**

प्रमुख प्रशासकिय अधिकृत

CamScanner

**अनुगमन तथा मुल्याकन**

रणनीति कार्यान्वयनको अनुगमन गरी सो को प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्ने छ। अनुगमनको क्रममा रहेका कमी कमजोरी तथा सवल पक्षको समिक्षा गरी सोही अनुसार रोजगार सम्वन्धि नीति तथा कार्यनीति तर्जुमा गरी कार्यान्वयन गरिने छ। रोजगार सम्वद्ध क्षेत्रले अनुगमनवाट प्राप्त भएका राय सझावहरुलाई कार्यान्वयन गर्नु पर्ने छ।

प्रमुख प्रशासकीय अधिकृत